आज मिति २०८० चैत्र २५ गते आइतबारको दिन बिहान ८:०० बजे दार्मा गाउँपालिकाको सभाहलमा आ.व. २०८०/८१ को १५ औ कार्यपालिका बैठक गाउँपालिका उपाध्यक्ष तथा का.वा. अध्यक्ष श्री जुना मल्ल चन्द ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव छलफल गरी निर्णयहरु गरियो ।

**तपसिलः**

| | |
|---|---|
| श्री जुना मल्ल चन्द | का.वा. अध्यक्ष |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री यज्ञ बहादुर बस्नेत | नि.प्रमुख प्रशासकीय अधिकृत |
| श्री सुनिल बि.सी. | प्रशासन शाखा प्रमुख |
| श्री जंय प्रकाश वि.क. | का.स. |
| श्री उमेश चन्द | इन्जिनियर |
| श्री महेश सुनार | रोजगार सहायक |
| श्री सुर्य ब. उपाध्याय | का.स. |
| श्री माधव के.सी. | लेखा पाल |

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु

१. नक्सा पास कार्यविधि र पुननिर्माण सम्बन्धमा।
२. अस्थायी आवास अनुगमन र भुक्तानी सम्बन्धमा।
३. सिकर्मी तथा डकर्मी तालिम सञ्चालन सम्बन्धमा।
४. अ.न.मी. पदको विज्ञापन सम्बन्धमा।
५. बिजुलीका पोल संकलन सम्बन्धमा।
६. विधुत स्टिमेट हेरफेर सिफारिस(रतिखोलाको गलाँतमा, अरु वडाको बाँकी रहेको १ र ५ मा तथा ट्रान्समिटर स्थान्तरण) सम्बन्धमा।
७. पुलको जग्गाको उब्जनी क्षतिपूर्ति सम्बन्धमा
८. पाईप उपलव्ध गराउने सम्बन्धमा।
९. उपचार सहायता रकम प्रदान सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

## निर्णय नं १

दार्मा गाउँपालिकाको नक्सा पास कार्याविधि,२०८० संशोधन सहित पारित गरियो।

## निर्णय नं २

गाउँपालिका भित्र निर्माण प्रक्रियामा रहेका तथा निर्माण सम्पन्न भईसकेका अस्थायी आवासहरुको अनुगमन गर्न वडाका प्राविधिक, वास इकाईका वडा सामाजिक परिचालक र रेडक्रशका प्रतिनिधिहरु परिचालन गर्ने निर्णय गरियो।

## निर्णय नं ३

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान द्धारा संचालन हुने पुण निर्माणको लागि प्रदान गरिने सिकर्मी तथा डकर्मी तालिम मिति २०८० चैत्र २७ गते विहान ११:०० बजे दार्मा गाउँपालिकामा उद्घघाटन गर्ने र आधारभुत स्वास्थ्य तथा प्रसुति सेवा केन्द्र दार्मा गाउँपालिका ३ थुम्केसल्लीमा तालिम संचालन गर्ने निर्णय गरियो।

गाउँपालिका ... पालिकाको कार्यालय ... २०७३

का.वा.अध्यक्ष

नि.प्रमुख प्रशासकीय अधिकृत

क) उक्त स्थलगत तालिममा दार्मा गाउँपालिकाले सम्झौता अनुसार वेहोर्नुपर्ने रकम रु. २०००००।. दुईलाख मात्र विपद व्यवस्थापन कोषबाट भुक्तानी दिनेगरी बजेट व्यवस्थापन गर्ने। उक्त रकम दार्मा ३ थुम्केसल्लीमा नमुना भूकम्प प्रतिरोधी घर निर्माणमा लाग्ने श्रमिकको ज्याला भुक्तानी दिन खर्च गर्ने।

ख) तोकिएको अवधिमा नमुना भूकम्प प्रतिरोध घर निर्माण सम्पन्न गर्न १२ जना कामदारले नसक्ने भएकोले ५ जना कामदार थप गर्ने र दैनिक ७१५ को दरले ज्याला भुक्तानी गर्ने।

## निर्णय नं ४

दार्मा गाउँपालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुमा अ.न.मी. पद रिक्त हुँदा सेवा प्रावह प्रभावित भएकोले तत्काल २ वटा अ.न.मी. करार सेवामा पदपूर्ती गर्न विज्ञापन आह्ववान गर्ने।

## निर्णय नं ५

विधुत प्राविधिकरणबाट ठेक्का आह्ववान भई कार्यान्वयन भई रहेको अवस्थामा निर्धारित इस्टिमेट अनुसार भन्दा अन्यत्र लिएका र रहेका विधुत पोलहरु तुरुन्त संकलन गर्न तुरुन्त वडाबाट सूचना प्रकाशन गर्ने तथा वडा कार्यालयले आवश्यक समन्वय गर्ने र स्टिमेट बमोजिम तोकिएको स्थान लैजाने निर्णय गरियो।

## निर्णय नं ६

विधुतिकरणको निर्धारित लागत अनुमान अनुसार अपायक र अनपयुक्त स्थानमा रहेका ट्रान्सफर्मर स्थान्तरणको लागि वडा कार्यालयले उपयुक्त स्थान छनौट गरि गाउँपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

## निर्णय नं ७

पुर्वाधार विकास कार्यालय सल्यान द्धारा कार्यान्वयन भईरहेको दार्मा ३ दार्माखोला स्थित पुल निर्माण स्थलको मुआब्जाको लागि प्रदेश सरकारमा सिफारिस गर्ने र बालि नष्ट भएका जग्गावालाहरुलाई उब्जनीको राहत प्रदानको लागि कृषि विकास शाखालाई खटाई प्राप्त विवरणका आधारमा राहत कोषबाट राहत प्रदान गर्ने निर्णय गरियो।

## निर्णय नं ८

चालु आ.व. मा LISP र दार्मा गाउँपालिको सहलगानीमा निर्माण भईरहेको मैदान मौलेखाली सिलिङ्गी सडक निर्माण गर्दा उक्त सडकको ढुङ्गाहरुले सडकको तलतिरको पाईपलाईनहरु क्षतिग्रस्त

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान

प्रमुख प्रशासकीय अधिकृत

का.वा. अध्यक्ष

बनाई तल्लो बस्तीहरुमा पानीको आपूर्ती बन्द भएकोले तत्काल पानीको आपूर्ती सहज बनाउन नयाँ पाईपहरु खरिदगरि जडानको लागि उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने ।

| सि.नं | पाईपलाईन | स्पिसिफिकेशन | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | लुसुनधारी बेरुखेत लाईन | 32 mm | ९०० मिटर | |
| २ | लसुनधारी लिगाछाप पाईप लाईन | 32 | १००० मिटर | |

**निर्णय नं ९**

अध्यक्ष उपचार सहायत कोष अन्तरगत तपसिल बमोजिमका व्यक्तिहरुलाइ उपचार सहायता रकम प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सेर बहादुर मल्ल | दार्मा ६ | ५००० | |
| २ | बली खड्का | दार्मा ५ | १०००० | |
| ३ | इन्द्र मोहन वि.क. | दार्मा ४ | ५००० | |
| ४ | तिलसरी कामी | दार्मा ५ | १०००० | |
| ५ | जुना मल्ल चन्द | दार्मा ४ | ५१००० | |
| ६ | कमला खत्री | दार्मा ५ | ५००० | |
| ७ | लक्ष्मी खत्री | दार्मा ५ | ५००० | |
| ८ | पवित्रा पाण्डे | दार्मा २ | ५००० | |
| ९ | गुमाने रोकाहा | दार्मा १ | ५००० | |
| १० | सुमन मल्ल | दार्मा ६ | ५००० | |
| ११ | केशर वहादुर वुढा | दार्मा ४ | १०००० | |

निर्णय प्रमाणित

नि.प्रमुख प्रशासकीय अधिकृत